नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सिंहदरबार, काठमाडौं

प.सं.:

च.नं.:

## प्रेस विज्ञप्ति

यस मन्त्रालयका माननीय मन्त्री अजय कुमार चौरसियाज्यूको सफल नेतृत्वमा मन्त्रालयले **आर्थिक वर्ष** २०८१/८२ मा कानून तर्जुमा, अन्तर्राष्ट्रिय सन्धि सम्झौताको राय प्रदान गर्ने विषय, कानूनी राय परामर्श प्रदान, स्थानीय तहका न्यायिक समितिको न्याय सम्पादन सम्बन्धी क्षमता अभिवृद्धि, गाउँसभा र नगरसभाका पदाधिकारी एवं कर्मचारीको कानून तर्जुमा सम्बन्धी क्षमता अभिवृद्धि र आमनागरिकमा कानूनी सचेतना अभिवृद्धि लगायत देहायका प्रमुख कार्यहरू सम्पन्न भएको जानकारी गराउन चाहन्छुः-

१. यस मन्त्रालयबाट **बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) ऐन, २०८१, विधायन ऐन, २०८१ र जिल्ला अदालत (तेस्रो संशोधन) नियमावली, २०८१** तर्जुमा भई जारी भएका छन्।

२. विभिन्न मन्त्रालयका १९ वटा विधेयकको अवधारणापत्रमा सैद्धान्तिक सहमति, १७ वटा विधेयकको मस्यौदामा तर्जुमा सहमति, १३ वटा ऐनमा संशोधन गर्न तर्जुमा सहमति, ६ वटा अध्यादेशमा तर्जुमा सहमति, १३ वटा नयाँ नियमावलीमा तर्जुमा सहमति, २३ वटा नियमावलीमा संशोधन गर्न तर्जुमा सहमति प्रदान गरिएको छ। त्यसैगरी १० वटा गठन आदेश, ५ वटा निर्देशिका, ४ वटा कार्यविधि, ४ वटा मापदण्ड र २ वटा विनियमावली (नयाँ र संशोधन)मा तर्जुमा सहमति प्रदान गरिएको छ।

३. यस मन्त्रालयबाट तर्जुमा गरिएको **केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०** संसद्बाट पारित भई प्रमाणीकरणको चरणमा रहेको र **नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५०** लाई संशोधन गर्न बनेको विधेयक प्रतिनिधि सभाको कानून, न्याय तथा मानव अधिकार समितिमा दफावार छलफलको क्रममा रहेका छन्।

४. यस मन्त्रालयबाट तर्जुमा भएको **मेलमिलाप सम्बन्धी ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक, मुलुकी अपराध संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, मुलुकी देवानी**

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

प.सं.:

च.नं.:

(पहिलो संशोधन) संहिता, २०८२, मुलुकी देवानी कार्यविधि (पहिलो संशोधन) संहिता, २०८२ विधेयक मन्त्रिपरिषद् समक्ष पेश भएको छ।

५. यस मन्त्रालयबाट **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, निःशुल्क कानूनी सहायता सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक र नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१०** लाई संशोधन गर्न वनेको विधेयकको मस्यौदा तर्जुमा गरी मन्त्रिपरिषद्मा पेस गर्ने तयारी रहेको छ।

६. नेपाल राजपत्रमा प्रकाशन गरिने **२५९ वटा सूचना** सम्पादन गरी प्रकाशनको लागि मुद्रण विभाग पठाइएको छ।

७. द्विपक्षीय, बहुपक्षीय सम्झौता, दातृ संस्थासँग सम्पन्न गरिने सम्झौताको **१०२ वटा मस्यौदामा** राय प्रदान गरेको तथा **१२ वटा अन्तर्राष्ट्रिय सम्झौतामा कानूनी राय** (Legal Opinion) प्रदान गरिएको छ भने अन्तर्राष्ट्रिय कानून बमोजिम नेपालले पूरा गर्नुपर्ने दायित्वहरू सम्बन्धी देहायका ४ वटा विषयमा अध्ययन गरी प्रतिवेदन तयार गरिएको छ:

(क) Study on Double Taxation Avoidance Agreement,

(ख) मानव अधिकारसम्बन्धी मूल महासन्धिहरूको कार्यान्वयन

(ग) Agreement Under the Nations Convention on the Law of the Sea on the Conservation and Sustainable Use of Marine Biological Biodiversity of Areas Beyond National Jurisdiction (BBNJ) लाई अनुमोदन सम्बन्धमा विस्तृत अध्ययन,

(घ) UN Convention on Mediation को अनुमोदन सम्बन्धमा प्रारम्भिक अध्ययन।

८. **बेपत्ता पारिएको व्यक्तिको छानबिन,सत्य निरूपण तथा मेलमिलाप आयोग** (तेस्रो संशोधन) **ऐन, २०८१** कार्यान्वयनमा रहेको छ। बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगका पदाधिकारी नियुक्त भई कार्य सम्पादन भइरहेको छ। ऐनमा भएको संशोधन बमोजिम बनाउनु पर्ने नियमावलीहरूको मस्यौदा तयार भइरहेका छन्।

९. असमर्थ पक्षलाई कानूनी सहायता उपलब्ध गराउन ७४ वटा जिल्लामा **कानूनी सहायता अधिकारी नियुक्त** गरिएको र बाँकी रहेका ३ वटा जिल्लाहरूमा समेत कानूनी सहायता अधिकारी नियुक्ति गर्ने तयारी रहेको छ।

१०. पारस्परिक कानूनी सहायतातर्फ विभिन्न अनुसन्धान गर्ने निकायहरूबाट विदेशी राज्य समक्ष पारस्पारिक कानूनी सहायता अनुरोध (MLA Request) पठाई दिनका लागि प्राप्त २ वटा विषयको अनुरोधका सम्बन्धमा अनुरोध अनुसार काम सम्पन्न भएको तथा ९ वटा मा कारवाही चलिरहेको छ।

११. पारस्परिक कानूनी सहायता र सपुर्दगी सम्बन्धमा विभिन्न राष्ट्रसँग द्विपक्षीय सन्धि गर्ने कार्य सम्बन्धमा मिति २०८१/१०/२४ को निर्णयानुसार विभिन्न विदेशी राज्यहरू समक्ष प्रस्ताव गर्नका लागि **Mutual Legal Assistance Treaty (MLAT)** को मस्यौदा तयार भई सो मस्यौदा राय/सुझावको लागि परराष्ट्र, अर्थ तथा गृह मन्त्रालय पठाइएको छ।

१२. **न्यायिक समितिका पदाधिकारी र कर्मचारीहरूको क्षमता अभिवृद्धिसँग सम्बन्धित** १८ वटा तालिम कार्यक्रम सम्पन्न गरिएको र स्थानीय तहको कानून निर्माणलाई प्रभावकारी बनाउन **गाँउसभा, नगरसभामा कानून तर्जुमा सम्बन्धी** २३ वटा अभिमुखिकरण तालिम सम्पन्न गरिएको छ।

१३. आमनागरिकलाई कानूनी सचेतना अभिवृद्धि गर्न रेडियो नेपालबाट हरेक महिनाको पहिलो, तेस्रो र पाँचौ बुधबार विहान ७:२५-७:४० सम्म **"कानूनका कुरा"** नामक **२२ वटा** कार्यक्रम प्रसारण गरी कानूनविद्हरुद्वारा कानूनी सचेतना प्रदान गरिएको छ।

१४. आम सर्वसाधारणसम्म कानूनको सहज पहुँच पुऱ्याउन दक्षिण कोरियाको कानून निर्माण मन्त्रालयको सहयोगमा **कानून सूचना प्रणालीको विकास** गर्न पाइलट प्रोजेक्ट स्वीकृत भई यस वर्ष देखि काम सुरु हुने भएको छ।

१५. सर्वोच्च अदालतबाट आर्थिक वर्ष (२०७९/८०- २०८१/८२) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग सम्बन्धित **आदेश बमोजिम बनाउनु पर्ने कानूनको पहिचान सम्बन्धी अध्ययन** प्रतिवेदन तयार गरिएको छ।

१६. कानून तर्जुमालाई थप वस्तुनिष्ठ र प्रभावकारी बनाउन **नेपालको कानून तर्जुमा प्रवृत्ति विश्लेषण (Trend Analysis) सम्बन्धी अध्ययन** गरी त्यसको प्रतिवेदन तयार भएको छ।

१७. **विधायन ऐन, २०८१ को दफा ३** बमोजिम यस वर्ष नेपाल सरकारको तर्फबाट १२१ वटा विधेयकहरू तर्जुमा गर्ने गरी प्राथमिकताक्रम निर्धारण गरी वार्षिक कार्यतालिका सहित सङ्घीय संसदमा पेश गरिसकिएको छ।

१८. आर्थिक वर्ष २०८१/८२ मा मन्त्रालयको कूल बजेटको पुँजीगत तर्फ ८४.९५% र चालु तर्फ ८०.८९% वित्तीय प्रगति रहेको छ।

(कोमलबहादुर खत्री)
प्रवक्ता एवं सहसचिव

मितिः २०८२।०४।०२
नेपाल संवत् ११४५ दिल्लागा ८